# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, असार २४ गते २०३१ साल [संख्या १३

श्री ५ को सरकार

सञ्चार मन्त्रालयको

### सूचना

छापाखाना र प्रकाशनसम्बन्धी (संशोधन सहित) ऐन, २०१९ को दफा ३१ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही ऐनको दफा ५ को उप-दफा (२) दफा ६, दफा ८, दफा ९ को उप-दफा (१) र (२), दफा ११, दफा १२ को उप-दफा (१) दफा १६, दफा २२ र दफा ३० को उप-दफा (१) बमोजिम आफूमा रहेको सम्पूर्ण अधिकारहरू देहायको क्षेत्रभित्र देहायको पदाधिकारीले प्रयोग गर्न पाउने गरी सुम्पेको छ ।

(१) अञ्चलाधीशले आपनो क्षेत्रभित्र ।

(२) अञ्चलाधीश कार्यालयमा सह-अञ्चलाधीश भएकोमा निजले र सह-अञ्चलाधीश नभएकोमा सहायक अञ्चलाधीशले सम्बन्धित अञ्चलभित्र ।

(३) अञ्चलाधीश नभएको ठाउँमा प्रमुख जिल्ला अधिकारी ।

(४) सोलुखुम्बु र ताप्लेजुङको उत्तरी प्रशासन क्षेत्रमा सो क्षेत्रको सहायक अञ्चलाधीशले ।

नेपाल राजपत्रको भाग ३ मिति २०२८।३।७ मा प्रकाशित यसै सम्बन्धको सूचना खारेज गरिएको छ ।

आज्ञाले–

तीर्थराज तुलाधर

श्री ५ को सरकारको का.मु. सचिव

२९३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

298

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।